

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ। 100% ग्यारेन्टीका साथ समस्यको समाधान।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १४३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ जेठ २३ गते बुधबार ❑ 5 June 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## राजनीतिक अस्थिरता मुलुकको विकासका लागि घातक छः मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, २२ जेठ

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले लामो राजनीतिक अस्थिरता मुलकको विकास र जनताका लागि घातक बनिरहेको बताउनुभएको छ।

गण्डकी प्रदेश सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय पोखराद्वारा मंगलबार यहाँ आयोजित दिगो विकास लक्ष्य हासिल गर्न गण्डकी प्रदेशका स्थानीय तहबाट स्वास्थ्य क्षेत्रमा भएका नवीनतम कार्यसम्बन्धी अन्तर्क्रियामा उहाँले यस्तो बताउनुभएको हो।

मुख्यमन्त्री पाण्डले नेपालमा लामो सयमदेखि भइरहेको राजनीतिक अस्थितरताले जनचाहनानुसार काम गर्न नसकिएको र यसले दलहरूप्रतिको विश्वसनीयता नै कम हुन थालेको बताउनुभयो। "राजनीतिक अस्थिरताले सरकार बदलिरहेकाछन्, जसले जनचाहना पूरा गर्न नसक्दा राजनीतिक दलहरूप्रतिको विश्वास कम हुँदै



गएको छ। प्रदेश सरकारमाथि त झनै प्रश्न उठिरहेको छ", उहाँले भन्नुभयो, "प्रदेश सरकारप्रतिको नागरिक धारणालाई सकारात्मक बनाउन सबैले सामाजिक सेवाभावले काम गर्न आवश्यक छ, त्यसमा पनि स्वास्थ्य संस्थामा कार्यरत स्वाथ्यकर्मीको भूमिका अझ बढी छ।" गण्डकी प्रदेश सरकारले आधारभूत स्वास्थ्य सेवाबाट कोही पनि वञ्चित हुन नहुने नीतिसहित शिक्षा र स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखेर काम गरिरहेको बताउँदै बताउनुभयो। ज्येष्ठ नागरिक, बालबालिका र सुत्केरीका लागि केही सहुलियत दरमा उपचार गर्न योजना अगाडि ल्याउन लागिएको पनि उहाको भनाइ थियो। "सङ्घ सरकारले न्यून बजेट दिएकाले चाहेअनुसार जनताको काम गर्न सकिएको छैन, छुट्याएको बजेटसमेत घटाएर पठाउन थालिएको छ", मुख्यमन्त्री पाण्डेले भन्नुभयो,"प्रदेशभित्रका विपन्न वर्गको निःशुल्क उपचार गर्न स्वास्थ्य संस्थाले मात्र नसकेमा सहलगानीकर्ताको खोजी गर्दै सेवा दिनुपर्छ भन्ने हाम्रो जोड छ।" स्वास्थ्य बीमालाई प्रभावकारी बनाउन सकेमा स्वास्थ्य क्षेत्रका केही समस्या समाधान हुने उहाँको भनाइ छ। कार्यक्रममा सामाजिक तथा स्वास्थ्य मन्त्रालयको जिम्मेवारीसमेत सम्हाल्दै आउनुभएका ऊर्जा तथा जलस्रोतमन्त्री विन्दुकुमार थापाले प्रदेशका स्वास्थ्य समस्या समाधानका लागि तीनै तहका सरकार मिलेर अगाडि बढ्नसपर्ने बताउनुभयो। उहाँले प्रदेश सरकारले यहाँका सबै जिल्लामा रहेका स्वास्थ्य संस्थाको विकास र सेवा प्रवाह सुधारका लागि काम गरिरहेको समेत बताउनुभयो। गण्डकी प्रदेशका ११ जिल्लाका नगर तथा गाउँपालिकाका प्रमुख र उपप्रमुख सहभागी कार्यक्रममा सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेशका सचिव विनोदविन्दु शर्माले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै दिगो विकास लक्ष्य हासिल गर्न प्राप्त उपलब्धिबारे प्रकाश पार्नुभएको थियो। विभिन्न पालिकाका प्रमुख र उपप्रमुखले आफ्नो जिल्लामा देखिएका स्वास्थ्य समस्या र बजेट अभावका कारण सर्वसाधारणले भोगको समस्याका साथै पछिल्ला समयमा भएका उपलब्धि, स्वास्थ्य बीमाले पारेको सकारात्मक प्रभावका बारेमा जानकारी गराएका थिए।

## पोखराको अर्को पर्यटकीय गन्तव्य फेवाताल पारिको छोटो पदमार्ग

**पोखरापत्र संवाददाता**
पोखरा, २२ जेठ



पोखरा आउने अधिकांश पर्यटकहरु पद यात्रामा जान चाहेका हुन्छन यद्यपी धेरै ठाँउका पद मार्गहरु मासिदै सडकमा परिणत भएको अबस्थामा पोखराको मुख्य पर्यटकीय गन्तव्य फेवातालको किनारमा पर्यटकहरुको लागि गन्तव्य बनेको छ।

भ्यू फेवा, राउन्ड फेवा पदमार्ग नाम दिइएको उक्त पदमार्ग हालै संचालनमा आएसंगै पोखराको मुख्यबजारदेखि नजिक रहेको उक्त पदमार्गको अब प्रबर्द्धन गरी पोखरा आउने आन्तरिक तथा बाह्यि पर्यटकहरुलाई त्यहाँसम्म पुर्‍याउन सके पोखरामा पर्यटकको एक दिनको बसाई अवधि लम्बिने भएको छ। गण्डकी प्रदेशको राजधानी समेत रहेको पोखरामा आन्तरिक तथा बाह्यि पर्यटकहरुको आगमन हुने हुँदा छोटो दुरीको पदयात्रा गर्ने पर्यटकहरुको लागि पोखरा २२ मा पर्ने अनदु देखि ड्यामसाइड क्षेत्रको फेवाताल किनारामा पदमार्ग निर्माण भएसँगै स्थानियहरु समेत खुसि भएका छन्। पोखरा १७ को ड्यामसाइडको वनस्पति पार्कबाट अनदुसम्म रानीवनमा पर्ने उक्त पदमार्ग करिब ४ किलोमिटरको रहेको छ। न उकालो नत ओरालो, भिर पाखा र प्रचण्ड गर्मीमा पनि पद यात्रा गर्न सकिने फेवातालको किनार रानी वन हुदै ड्यामसाइड देखि अनदुसम्म करिब ४ किलोमिटरको पदमार्ग हाल पहिलो चरणको तयार भएको हो। छोटो दुरीको पदमार्गको सोमबार पर्यटन व्यवसायी, पर्यटक, पत्रकार विभिन्न संघ संस्थाका पदाधिकारीले स्थलगत अवलोकन गरेका छन्। अन्नपूर्ण आरोहण दिवसको अवसरमा उक्त कार्यक्रम आयोजना गरिएको थियो। पोखरालाई आधार बनायर हिमाल आरोहण देखि पदमार्गमा जानेहरुको पूर्व तयारी स्वरुप उक्त छोटो दुरीको पदमार्ग एक कोषेढुंगा सावित हुन सक्ने पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले बताए। लामो दुरीको पद यात्रा गर्न नसक्नेहरुको लागि पोखराबाट निकै नजिक फेवाताल किनारमा रहेको उक्त पदमार्ग निकै उत्कृष्ट भएको उनले दाबी गरे। भ्यू फेवा, राउन्ड फेवा पदमार्गको उचित प्रचार प्रसार गर्न सके यसबाट पोखरामा पर्यटकहरुको एक दिनको बसाई अवधि लम्बाउन सकिने अध्यक्ष श्रेष्ठको भनाई छ। उकालो र ओरालो भन्दा पनि ताल किनारामा उक्त पद मार्ग भएकोले प्रायः सबै उमेर समुहका व्यक्तिहरुको उत्कृष्ट पदमार्ग हुन सक्ने ट्रेकिङ एजेन्सिज एशोसिएशन अफ नेपाल (टान) गण्डकीका अध्यक्ष धर्मराज पन्थीले बताए। पोखरा पर्यटकीय राजधानी घोषणा भइसकेको अवस्थामा पर्यटकको बसाइ लम्ब्याउन उक्त पद मार्गले थप टेवा पुग्ने उनले विश्वास व्यक्त गरे। हाल निर्माण भएको उक्त पदमार्ग करिब ४० प्रतिशत मात्र काम सम्पन्न भएको पोखरा महानगरपालिका वडा नम्बर २२ का वडा अध्यक्ष हिमलाल बरालले बताए। आफुहरुले फेवाताल किनारमा ड्यामसाइड देखि रानीवन हुदै, अनदु, रातमाटा, शसर्को हुदै खपौदीसम्म जोड्न करिब ९ किलोमिटरको पदमार्गको अवधारणा अघि सारेको बताए। आउदो बर्षमा आफुहरुको योजना अनुरुप उक्त पद मार्ग पूरा गर्न करिब १ करोड बजेट आवश्यक भएको उनले जनाए। पोखराको मुख्य बजार देखि नजिक भएर पनि सामान्य कच्ची बाटो शान्ति स्तुपाः देखि अनदुसम्म जोडिएको छ। गुरुङ बस्तीको बाहुल्यता

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## पोखराको श्रमाधान रोजगार मेलामा ५ हजारले अवलोकन गरे, केहीलाई रोजगारको अवसर

**पोखरापत्र संवाददाता**
पोखरा, २२ जेठ

पोखरामा मंगलबार सम्पन्न भएको श्रमाधान रोजगार मेलामा ५ हजार भन्दा बढी दर्शकले अवलोकन गरेका छन्। गण्डकी प्रदेशको राजधानी पोखरामा दुई दिन संचालन भएको उक्त मेलामा ५ हजार बढीले अवलोकन गर्दा विभिन्न व्यवसायीक प्रतिष्ठानहरुले ३ सय ५८ जनालाई रोजगारको अवसर दिने भएका छन्।

श्रमिक र रोजगारदाताहरुलाई जोड्न योजना सहित सुरु भएको उक्त मेलामा पोखराको घरना ग्रुप लक्ष्मी हाउस, नेपालकै चर्चीत घरना समुह सि.जी.ग्रुप, सुर्य नेपाल, होंसि सिमेन्ट, रोजगार डटकम लगायतकाले रोजगारको खोजि गरेको श्रम रोजगार कार्यालय पोखराका प्रमुख सुरेस ढकालले बताए। विभिन्न व्यवसायीक कम्पनीहरु सहित होटल क्षेत्रमा सबै भन्दा बढी कामदारको माग भएको प्रमुख ढकालले दाबी गरे। पोखरा



६ बुलौदीमा रहेको पोखरा इभेण्ट सेन्टरमा मंगलबार सम्पन्न भएको उक्त मेलामा ५ हजार भन्दा बढीले मेलाको अवलोकन गरेको उनले जनाए। नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय-गण्डकी प्रदेश र पोखरा महानगरपालिकाको संयुक्त आयोजना, नेपाल उद्योग बाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्श, नेपाल घरेलु तथा साना उद्योग महासंघ, नेपाल तालिम तथा रोजगार व्यवसायी महासंघको सह आयोजना र होटल संघ नेपाल (हान) को संयोजनमा उक्त मेला भएको हो।

मेलाले रोजगारीको वातावरण बनाउँदै निजी क्षेत्रमा रोजगारी सृजना तथा प्रबद्धन गर्न आवश्यक सीप विकासमा सहयोग पुग्ने, दक्षता अभिवृद्धि गर्दै रोजगारीको खोजीमा रहेकाहरुलाई सीप र रोजगारसँग जोड्ने बातावरण तयार गर्ने श्रम रोजगार कार्यालय पोखराका कारखाना निरिक्षक बलराम कुसवाहले बताए। मेलामा सरकारी ८ अन्य ३४ वटा निजी क्षेत्रका गरी ४२ स्टलहरु रहेका थिए। मेलाले रोजगारदाता र रोजगारीको खोजीमा रहेका यूवाहरुको सम्बन्धमा डाटाबेश निर्माण गर्ने, बेरोजगार युवाहरुको मागहरु ज्ञान, सीप र क्षमताको आधारमा संकलन गर्ने, रोजगारदाताहरुको सुचीकरण र रोजगारीका अवसरको पहिचान गर्ने गरि आन्तरिक रोजगार प्रबर्द्धन गर्न सकारात्मक योगदान दिने अपेक्षा गरिएको छ।

आन्तरिक रोजगारी प्रवद्धन र वैदेशिक रोजगारीलाई सुरक्षित बनाउने श्रम र रोजगारको क्षेत्रमा रहेका बहुआयामिक समस्याहरुलाई एकद्वार प्रणालीबाट सम्बोधन गर्दै रोजगारीको लागि अनुकुल बातावरण सृजना गने उदेश्य सहित नेपाल सरकारले देशका सबै सात प्रदेशमा श्रमाधान रोजगार मेला गर्ने कार्यक्रम अनुसार पोखरामा गण्डकी प्रदेश स्तरिय मेला भएको हो। मेलाले श्रमिक तथा रोजगारदाताहरुलाई जोड्ने, रोजगारदाताहरु र विभिन्न क्षेत्रका सरोकारवालाहरुलाई एकै ठाँउमा ल्याएर नेटवर्किङ र रोजगारीको लागि अनुकुल वातावरण सृजनागर्ने उदेश्य समेत मेलाको रहेको आयोजकले दाबी गरेको छ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१


## पोखरालाई हरित सहरमा विकास गरिँदै, दुई लाख बढी बिरुवा रोपिने

**पोखरापत्र संवाददाता**
पोखरा, २२ जेठ

पोखरालाई हरित सहरका रूपमा विकास गरिने भएको छ। महानगरपालिकालाई स्वच्छ सहरः हरित सहरको रूपमा विकास गर्न सम्भावित वृक्षरोपण क्षेत्र पहिचान तथा रणनीति तयारका लागि गठन गरिएको कार्यदलले अध्ययन प्रतिवेदन महानगरपालिकालाई बुझाएको छ। वन विज्ञान अध्ययन संस्थान, पोखरा क्याम्पसका उपप्राध्यापक डा शेषकान्त भण्डारीको संयोजकत्वमा अध्ययन कार्यदल बनाइएको थियो।

अध्ययन प्रतिवेदनमा महानगर क्षेत्रमा दुई लाख २६ हजार दुई सय ६१ बिरुवा रोप्न सकिने उल्लेख छ। जसअन्तर्गत सार्वजनिक खुला क्षेत्रमा ७३ हजार चार सय ९० र सडक, नदी तथा खोला किनारमा एक लाख ५२ हजार सात सय ७१ वटा बिरुवा लगाउन सकिने कार्यदलका संयोजक डा भण्डारीले बताउनुभयो। प्रतिवेदनमा महानगर क्षेत्रको सात सय किमी सडक तथा राजमार्ग, झण्डै ६९ किमी नदी तथा खोला किनार, २९ सार्वजनिकस्थलको एक सय २५ हेक्टर खुला क्षेत्रमा ३८ प्रजातिका बिरुवा लगाइने छ। सहरी वन व्यवस्थापनमा पूर्वाधारको अभाव, मानवीय अतिक्रमण, जनचेतनाको कमी, कानुनी जटिलता, जनशक्ति अभाव, प्राविधिक उपकरणको अभाव, अन्तरनिकाय समन्वयको अभाव र मौजुदा व्यवस्था कार्यान्वयनको कमजोर अवस्थालगायत चुनौती रहेको प्रतिवेदनमा औँल्याइएको छ। सहरी वन विकास तथा हरियाली

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

# विश्वकप क्रिकेटमा नेपाल १० वर्षपछि खेल्दै

**काठमाडौं**
पोखरा, २२ जेठ

आइसिसी टी-२० विश्वकप क्रिकेटमा १० वर्षपछि पुनरागमन गरेको नेपालले आज नेदरल्याण्डसँग खेल्दै प्रतियोगताको उद्घाटन गर्दैछ।

नेपालले यसअघि सन् २०१४ मा पहिलोपटक टी-२० विश्वकप खेलेको थियो । काठमाडौँमा गत कात्तिकमा मूलपानीस्थित माथिल्लो मूलपानी क्रिकेटमैदानमा भएको एसिया छनोट खेलमा नेपालले संयुक्त अरब इरिरेट्स (युएई)लाई सेमिफाइनलमा पराजित गर्दै विश्वकपमा स्थान पक्का गरेको थियो । नेपालले दोस्रोपटक टी-२० विश्वकपमा सहभागिता जनाउँदा नेदरल्याण्ड भने पाँचौँपटक सहभागिता जनाउँदैछ । नेपाल र नेदरल्याण्ड दुवै चिरपरिचित प्रतिद्वन्द्वी हुन् । तीन महिनाअघि नेपालमा नै भएको त्रिदेशीय टी-२० शृङ्खलामा नेदरल्याण्डले दुई खेल जित्दा नेपालले एक खेलमा जित हासिल गरेको थियो ।

विश्वकपअर्न्गत अमेरिकाको डालसस्थित ग्राण्ड प्रेरी रङ्गशालामा आज राति हुने उक्त



खेलमा नेपालले विजयी लक्ष्य हासिल गर्ने उद्देश्यका साथ मैदानमा उत्रँदैछ । त्यसो त नेदरल्यान्ड पनि आफ्नो पहिलो खेलमा जित हासिल गर्दै आगामी यात्रालाई सहज बनाउने कोसिसमा रहनेछ । नेपाली राष्ट्रिय टोलीका मुख्य प्रशिक्षक मोन्टी देशाईले नेदरल्याण्डविरुद्धको खेलका लागि आफ्नो टोली तयारी अवस्थामा रहेकाले प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले अमेरिकाको हावापानी र त्यहाँको अवस्थासँग भिज्ने राम्रो असवर पाएको जनाउँदै पहिलो खेलका लागि आफ्नो टोली तयारी अवस्थामा रहेको बताउनुभयो । नेपाली टोलीले करिब एक महिनासम्म अमेरिकामा अभ्यास गरेको थियो । त्यसैगरी यस विश्वकप क्रिकेट प्रतियोगितामा सवैभन्दा कम उमेरमा कप्तानीको भूमिका निर्वाह गरेका २१ वर्षीय नेपाली राष्ट्रिय टोलीका कप्तान रोहितकुमार पौडेलले नेदरल्याण्डविरुद्धको खेलमा उत्कृष्ट क्रिकेट खेलेर देश र नेपाली फ्यानलाई गर्व गर्न सक्ने वातावरण तय गर्ने विश्वास व्यक्त गर्नुभयो । यसैगरी यसपटकको विश्वकपमा नेपालका अर्का खेलाडी गुलशन झा सबैभन्दा कम उमेरमा विश्वकप खेल्ने खेलाडीको कीर्तिमानी बनाउने भएका छन् । उनी १८ वर्ष भएका छन् । विश्वकप खेल्ने तयारी अवस्थामा रहेका नेपाली क्रिकेट टोलीलाई उच्च मनोबलका साथ खेलमा सहभागी हुन राष्ट्रपति रामचन्द्र पौडेलले शुभकामना समेत प्रदान गर्नुभएको छ । अमेरिका र वेस्टइन्डिजमा चालु टी-२० विश्वकप क्रिकेटका विजेता टोलीले २४ लाख ५० हजार अमेरिकी डलर पुरस्कार पाउँदा उपविजेताले १२ लाख २८ हजार डलर पाउनेछन् । त्यस्तै विश्वकपमा सेमिफाइनलमा पुग्ने दुई टोलीले जनही सात लाख ८७ हजार डलर पाउनेछन् भने प्रतियोगितामा सहभागी सबै टोलीले २ लाख २५ हजार अमेरिकी डलर पाउनेछन् ।

विश्वकपमा नेपाल र नेदरल्यान्ड समूह 'डी'मा रहेका छन् । नेपालको समूहमा टेस्ट मान्यता प्राप्त राष्ट्र दक्षिण अफ्रिका, श्रीलङ्का र बङ्गलादेश छन् । नेपाल र नेदरल्याण्डबीचको खेल नेपाली समयानुसार मंगलबार राति ९:३० हुनेछ । त्यस्तै समूह 'डी'मा नै रहेको दक्षिण अफ्रिकाले श्रीलङ्कालाई छ विकेटले पराजित गर्दै प्रतियोगितामा सुखद सुरुआत गरिसकेको छ ।



फेवातालमा पर्यटकीय चहलपहलः पर्यटकीय राजधानी पोखरास्थित फेवातालमा देखिएको पर्यटकीय चहलपहल । यो याममा पोखरामा भारतीय पर्यटकको आवागमन बढी हुने गरेको छ । तस्बिरः रामबहादुर थापा/रासस

## पोखरालाई...

प्रवर्द्धनका लागि वर, पिपल, शमी, पैयुँ, कोइरालो, टाँकी, लालीगुराँस, असारे, आँप, अमला, अशोका, कल्की फूल, राइखन्यु, गुलमोहर, बैँस, लालुपाते, कागजपाते, पालम, धुपी, बाँस, खयर, सिसौँ, पाखुरी, राजवृक्ष, रातोपाते, सिना एक्साटाविलीस, टिकोमा, कपुर, लिची, किम्बु, बेल, अम्बा, निमारो, कदम, रुद्राक्ष, बेडुला, नारेश्वर, जङ्गली केरालगायत बिरुवा लगाइने छ ।

रैथाने प्रजाति, स्थानीय बासिन्दाको रोजाइ, सौन्दर्य बढाउने प्रजाति, सदाबहार प्रजाति, धार्मिक महत्वका प्रजाति, पोखरा महानगरभित्र राम्रोसँग हुर्किरहेका प्रजाति, हुरीबतासबाट सजिलै नभाँचिने प्रजातिका आधारमा वृक्षरोपण गरिने बिरुवाका प्रजाति छनोट गरिएको कार्यदलले बताएको छ ।

महानगर क्षेत्रमा सहरी वनको व्यवस्थापन आवश्यक रहेको र खाली तथा खुला स्थानमा वृक्षरोपण गर्नुपर्ने भएकाले विज्ञहरूको कार्यदल बनाई सम्भावित स्थानको पहिचान गरिएको नगरप्रमुख धनराज आचार्यले बताउनुभयो । हरित सहरको निर्माण केवल हरियालीसँग मात्र नजोडिने भन्दै प्रमुख आचार्यले यो वातावरणीय स्वच्छताप्रति स्थानीय सरकारको प्रतिबद्धतासमेत भएको बताउनुभयो । प्रतिवेदनले पोखरालाई स्वच्छ सहरः हरित सहरको रूपमा विकास गर्न ' माइलस्टोन'का रूपमा काम गर्ने उहाँले विश्वास व्यक्त गर्नुभयो । आफूहरू यसको कार्यान्वयनका लागि तत्काल काम थाल्ने उहाँले प्रतिबद्धता जाहेर गुभयो ।

नगर प्रमुख आचार्यको पहलमा महानगरको सहरी वन कार्यक्रमलाई सुदृढ गर्न र स्वच्छ सहर हरित सहरको लक्ष्य हासिल गर्न, सम्भावित वृक्षरोपणस्थल पहिचान गर्न, सहरी वन कार्यक्रम प्रवर्द्धन गर्न, उपयुक्त वनस्पति प्रजाति पहिचान गर्ने र महानगर क्षेत्रमा वृक्षरोपण सम्भाव्यताको योजना तयार गर्ने उद्देश्यले अध्ययन टोली गठन गरिएको थियो ।

# सहिद स्मृति पुस्तकालयको वृत्तचित्र निर्माण तथा प्रदर्शन

**पोखरापत्र संवाददाता**
पोखरा, २२ जेठ

पोखरामा आयोजना गरिएको सार्वजनिक तथा सामुदायिक पुस्तकालयको प्रदेशस्तरको गण्डकी प्रदेश सम्मेलन गत जेठ १९ र २० मा सम्पन्न भएको छ ।

प्रदेश भित्रका सहभागी पुस्तकालय सन्चालन गरेका संस्थाहरुले सम्मेलनमा पुस्तकालयका गतिबिधि झल्कने टिपोर्ट रिपोर्ट फ्लेक्स प्रिन्ट, पावरपोइन्ट तथा वृत्तचित्रबाट पुस्तकालय परिचय दिएका थिए । पोखराको सामुदायिक पुस्तकालय अरुणोदय पुस्तकालय आदर्श पुस्तकालय स्याङ्जाको जनता पुस्तकालय लगायतको प्रदर्शनी मार्फत परिचय देखाइएको थियो ।

पोखरा ५ मालेपाटन स्थित सुर्यचन्द्र बिकास समाजद्वारा सञ्चालित सहिद स्मृति पुस्तकालय को ६ मिनेट ३६ सेकेण्डको वृतचित्र प्रदर्शन गरिएको थियो । वृतचित्र लेखन तथा स्वरांकन संस्थाका पुर्व अध्यक्ष धनबहादुर नेपाली र फोटोचित्र संकलन नारायण के.सी. ले गरेका थिए । वृतचित्रमा पुस्ताकालय स्थापनादेखि हालसम्म सञ्चालन हुँदा देखिएका अवसर उपलब्धि बारे चर्चा गरिएको थियो ।

प्रदेश स्तरको सम्मेलनमा पुस्ताकालयद्वारा यस्ता सृजनात्मक गतिबिधि प्रदर्शन गर्न पाउनु सवै सस्थालाई प्रेरणा थप्ने कार्य भएको सुर्यचन्द्र बिकास समाजका अध्यक्ष कमला गौतमको भनाइ थियो । सम्मेलनले महत्वपुर्ण निर्णयहरु सहित घोसणा पत्रको तयार गर्दै नागरिकलाई सचेत संगठित र परिचालन गर्न उद्देश्य लिएको छ । एक स्थानिय पालिका एक ब्यवस्थित सार्वजनिक पुस्तकालय को नारालाइ सरकारले बिशेष ध्यान दिनु आजको आबश्यकता हो ।

## प्रधानमन्त्री दाहाल पोखरामा

**रासस**
पोखरा, २२ जेठ

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' मंगलबार पोखरा आउनुभएको छ । उहाँ केहीबेर अघि यहाँ आइपुग्नुभएको हो ।

प्रधानमन्त्री दाहाललाई पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा गण्डकी प्रदेशका सभामुख कृष्णप्रसाद धिताल, नेकपा (माओवादी केन्द्र) का सचिव एवं पार्टीको गण्डकी प्रदेश इञ्चार्ज दिनानाथ शर्मा, सहइञ्चार्ज हरिराज अधिकारी, प्रदेश अध्यक्ष गायत्री गुरुङ, प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डे, यहाँस्थित सुरक्षा निकायका प्रमुखलगायतले स्वागत गर्नुभएको थियो ।

नेकपा (माओवादी केन्द्र) का अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्री दाहाल पार्टीको गण्डकी प्रदेश समितिले बुधबार पोखरामा आयोजना गरेको प्रदेशस्तरीय कार्यकर्ता प्रशिक्षण कार्यक्रमका लागि यहाँ आउनुभएको माओवादी केन्द्र गण्डकी प्रदेशका अध्यक्ष गायत्री गुरुङले जानकारी दिनुभयो ।

## पोखराको ...

रहेको अनदुका स्थानिय बासिन्दा पोखराको मुख्य बजारमा आउदा डुंगाबाट सिधै लेकसाइड तथा ड्यामसाइड आउन सकिन्छ भने शान्ति स्तुपा बाट जादा कच्ची सडक मार्ग हुदै पोखराको मुख्य बजारमा आउन सकिन्छ । गण्डकी प्रदेश सरकारले ५० लाख रुपैयाँ बजेट विनियोजना गरेको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय गण्डकी प्रदेशका सचिव कुमानसिंह गुरुङले जानकारी दिए । प्रदेशको पर्यटन प्रबर्द्धन गर्ने छोटो पदमार्गको रुपमा आफुहरुले भ्यू फेवा, राउन्ड फेवा पदमार्गको प्रबर्द्धन गर्न खोजेको उनले जनाए । आफ्नो गाँउ फेवाताल पारी भएर पनि बत्तीमुनिको अध्यारो रहेको उल्लेख गर्दै पदमार्ग उपभोक्ता समितिका अध्यक्ष तोपेन्द्र गुरुङले अब भने आफुहरुमा आशा पलाएको बताए । हावाहुरी र बढी बर्षा हुदा तालवारी पारी गर्नु निकै जोखिमपूर्ण भएको अबस्थामा पद मार्ग बन्नुले आफुहरुलाई बैकल्पिक बाटो समेत भएको उनले जनाए । पदमार्ग निर्माणसँगै पोखरामा आएका जो कोही पर्यटकले छोटो समयमा हिमाल, ताल, र पोखरा बजारको दृश्यावलोकन गर्दै पदयात्रा गर्न पाउने र यो उत्कृष्ट गन्तव्य हुने टान गण्डकीका उपाध्यक्ष कृष्ण आचार्यले दाबी गरे । पोखराको मुख्यबजार क्षेत्रबाट नजिक रहेको यस पदमार्ग गर्दा एक घण्टा डुंगा सयर देखि ३/४ घण्टाको पद यात्रा हुने उनले जनाए । रानीवनमा विभिन्न प्रकारका चराचुरुङ्गी देखि विभिन्न वनस्पत्तीहरु अवलोकन गर्न पाइने अर्को बिषेशता यस पदमार्गमा रहेको छ ।

# कथाकार हरिश्चन्द्र नेपालीको भुत्ते गाँठो युकेमा परिचर्चा

**पोखरापत्र संवाददाता**
पोखरा, २२ जेठ

कथाकार हरिचन्द्र नेपालीद्धारा लिखित प्रेम र विभेदमा आधारित कथासंग्रह "भुत्ते गाँठो" माथि बेलायतमा परिचर्चा कार्यक्रम भव्य रुपमा सम्पन्न भएको छ ।


बेलायतको कोभेन्ट्री शहरमा आयोजित कार्यक्रममा विभिन्न संघ संस्थाका प्रतिनिधि, साहित्यिक र बौद्धिक ब्यक्तित्वहरुको उत्साहजनक उपस्थितीमा प्रेम र सामाजिक विभेदमा आधारित कथासंग्रह "भुत्ते गाँठो" को परिचर्चा भव्य रुपमा सम्पन्न भएको हो । एन. आर. एन. यूके का प्रमुख संरक्षक एवम् समाजसेवी शेर बहादुर सुनारको सभापतित्व सम्पन्न उक्त कार्यक्रममा साहित्यकार विजय हितान (ब्रयन) ले कथा संग्रह "भुत्ते गाठो" बारे समालोचन गर्नु भएको थियो भने अतिथी साहित्यकार भरत कुमार श्रेष्ठ (विवस), नोप्स यूरोपका अध्यक्ष,अर्जुन सुनार , कोभेन्ट्री नेपाली समाजका अध्यक्ष सन्तोस रेग्मी, सुनगाभा सांस्कृतिक समुहका प्रतिनिधी प्रताप दर्जी, गितकार बाबुराम भुसाल, बौद्धिक ब्यक्तित्वहरू डा. प्रदिप लामिछाने, डा. निता पौडेल लगायतले कथाकार हरिश्चन्द्र नेपालीले सामाजिक विषयलाई उठान गरि कृती प्रकाशन गरेकोमा प्रसंसा गर्दै अगामी दिनहरूमा पनि निरन्तर कलम चलाईराख्न सुझाव दिनका साथै शुभकामना दिनुभएको थियो । कार्यक्रममा उपस्थित समाजसेवीहरु शुवास अधिकारी, नविन गौतम, प्रकास आचार्य, एलिना संग्रौला लगाएतले कथाबारे टिप्पणी सहित विचार राख्नु भएको थियो । प्रकाशक निर्मला नेपालीसहित उपस्थित रहेको कार्यक्रममा ललित परियारले उद्घोषण गर्नु भएको थियो भने कथाकार हरिश्चन्द्र नेपालीले कथा लेखिनुको कारणसहित उपस्थित सम्पुर्णलाई उपस्थितीका लागि धन्यवाद दिनु भएको थियो । कार्यक्रमलाई सफल पार्न मुख्य भुमिका निर्वाह गर्नुहुने दुर्गा लाल सुनारले कार्यक्रम स्थलमा भैपरि आउने स्वास्थ्य सुरक्षा (हेल्थ एनड फेप्टी) बारे जानकारी दिदै भुत्ते गाँठो पुस्तक सम्पुर्ण सहभागीलाई वितरण गर्नु भएको थियो । पुस्तक बिक्रीबाट आएको रकम शत प्रतिशत कास्कीको बिकट क्षेत्रमा रहेको माछापुच्छे गाउपालिका ३, घाचोक स्थित श्री जनजागरण सामुदायिक नमुना विद्यालयलाई सरस्वती भक्त मेमोरियल ट्रष्ट पोखरा मार्फत प्रदान गरिने समेत कथाकार नेपालीले जानकारी गराउनु भयो ।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कुनै पनि वस्तुका लागि सत्यको बलिदान गर्न सकिदैन ।

– हरिजन सेवक

## सम्पादकीय

# अस्थिरताको प्वाल टाल

राजनीतिक स्थायित्वका लागि दुई बर्षसम्म अविश्वासको प्रस्ताव ल्याउन नपाउने व्यवस्था संविधानमा गरियो । सुधारिएको संसदीय व्यवस्था भनेर प्रचार भयो । अहिले अविश्वासको प्रस्ताव भन्दा विश्वासको मत लिनुपर्ने संविधानको व्यवस्था झन अस्थिरता निम्त्याउने भएको छ । गठबन्धनमा खटपट हुने बित्तिकै सरकार एक महिनाको हुने गरेका छन । प्रदेशको औचित्य बारे प्रश्न उठेको बेला प्रदेश सरकार अस्थिर देखिनु विडम्बना हो । धेरै दलहरू मिलेर बनेका सरकार अस्थिर बनेको ज्वलन्त मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले बुधबार पाँचौपटक विश्वासको मत लिदै छन । केन्द्रमा सत्ता गठबन्धन फेरिएसँगै उनले बुधबार डेढ वर्षको अवधिमा पाँचौपटक विश्वासको मत लिदैछन । पछिल्लोपटक सत्ता गठबन्धनमध्येका नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)ले समर्थन फिर्ता लिएर सरकारबाट बाहिरिएपछि यादवले पुनः विश्वासको मत लिनुपर्ने अवस्था आएको हो ।

कुनै दलले सरकारलाई दिएको समर्थन फिर्ता लिएमा ३० दिनभित्र विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्थाअनुसार मुख्यमन्त्री यादवले भोली बुधबार दिउँसो ३ बजे विश्वासको मत लिने कार्यसूचि रहेको प्रदेशसभा सचिवालयले जनाएको छ । विसं २०७९ पुस २७ गते मुख्यमन्त्रीमा नियुक्त यादवले पहिलो पटक २०७९ माघ ४ गते विश्वासको मत लिएका थिए।तत्पश्चात विसं २०८० जेठ १ गते मधेस सरकारमा रहेको नेकपा (एमाले) ले समर्थन फिर्ता लिएपछि उनले जेठ ३० गते दोस्रो पटक विश्वासको मत लिए भने तेस्रो पटक सोही वर्षको फागुन ६ गते विश्वासको मत लिए । त्यसबेला प्रदेशसभाको एक सय सातमध्ये ६९ मत प्राप्त गरे। जनता समाजवादी पार्टी (जसपा) नेपाल प्रदेश संसदीय दलका नेता यादवलाई नेपाली कांग्रेस, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), नेपाल सङ्घीय समाजवादी पार्टी र नागरिक उन्मुक्ति पार्टीका प्रदेशसभा सदस्यहरूले समर्थन गरेका हुन। । त्यसबेला एमाले र यसअघि दुई पटक विश्वासको मत दिएको जनमत पार्टीसमेत विपक्षमा रह्यो ।

पछि सत्ता साझेदार नेपाली कांग्रेस समर्थन फिर्तासहित सरकारबाट बाहिरिएपछि पुनः २०८१ वैशाख ४ गते चौथोपटक विश्वासको मत लिनुपर्‍यो । त्यसबेला एमाले, माओवादी केन्द्र, एकीकृत समाजवादी, नेपाल सङ्घीय समाजवादी र नागरिक उन्मुक्ति पार्टीले विश्वासको मत दिएका थिए । चारैपटक सत्ता गठबन्धनमा फेरबदल आएपछि विश्वासको मत लिनुपरे पनि सरकारको नेतृत्व भने परिवर्तन भएन । यादवले दुई पटक सबैजसो प्रदेशसभा सदस्य र दलको विश्वासको मत प्राप्त गरे भने तेस्रो पटक नेकपा (एमाले) र जनमत पार्टी, चौथो पटक नेपाली कांग्रेस, जनमत र लोसपाको साथ पाए । यसपटक भने मुख्यमन्त्री यादव नेतृत्वको सरकारलाई अहिलेसम्म नेपाली काँग्रेसले मात्र विश्वासको मत दिने निर्णय गरेको छ । यसहिसाबले मुख्यमन्त्री आवद्ध पार्टी जसपाका १९ र कांग्रेसका २२ गरी ४१ सांसद उहाँको पक्षमा देखिएका छन् ।

यसअघि विपक्षमा रहेको नेपाली कांग्रेसले मुख्यमन्त्री यादवलाई विश्वासको मत दिने निर्णय गरेको छ भने मधेस प्रदेश सरकारबाट नेकपा (एकीकृत समाजवादी) बाहिरिएको छ । मधेश प्रदेश सरकारमा एकीकृत समाजवादीका तर्फबाट भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रीकम गोविन्दबहादुर न्यौपाने र श्रम तथा यातायात मन्त्रीमा बेची लुंगेली थइन । लुङ्गेलीले जसपा नेपाल नेतृत्वको सरकारबाट बाहिरिने र सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय भएको जानकारी दिएकी छन । यहाँ केन्द्रीय सत्ता गठबन्धनमा रहेका दलहरूले जनमत पार्टीको नेतृत्वमा नयाँ सरकार बनाउने तयारी गरेका छन्।धेरै पार्टीको समर्थनमा सरकार चलाउनु स्वार्थको संझौता गर्नु जस्तो भएको छास्वार्थ नमिल्ने बित्तिकै समर्थन फिर्ता लिने र सरकार अस्थिर बनाउने प्वाल टाल्न ठुला दलहरूबीच समझदारी गर्नु जरुरी छ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : शुभ यात्रा |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : कार्यमा सफलता | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# बागलुङको रेशमा एक सय ४२ रोपनी क्षेत्रमा चियाखेती विस्तार

**पोखरापत्र संवाददाता**
बागलुङ, २२ जेठ

बागलुङको काठेखोला गाउँपालिका-७ रेशमा चियाखेतीका लागि क्षेत्र विस्तार गरिएको छ । बसाइँसराइले गाउँ रित्तिन थालेपछि सात वर्ष अगाडिदेखि चियाखेती सुरु गरेको थियो ।

विसं २०७४ मा परीक्षणका लागि १५ हजार चियाका बिरुवा लगाइएकामा अहिले बढाएर ५६ हजार लगाइएको छ । परीक्षणका गर्न लगाइएको चिया फस्टाउन थालेपछि सिङ्गो गाउँ नै खेतीतर्फ आकर्षित भएको हो । वडा कार्यालयको अग्रसरतामा सुरु गरेको चियाखेती रेशको बौर, तिङरिङलगायतका ७२ रोपनी पाखो जमिनमा विस्तार गरिएको छ । चियाखेती राम्रो हुँदै गएपछि थप ७० रोपनी जग्गा भाडामा लिएर खेती विस्तार गर्न थालेको काठेखोला गाउँपालिका-७ रेशका अध्यक्ष प्रेम लामिछानेले बताउनुभयो । पाखोबारीमा लगाएको चिया राम्रो हुँदै गएपछि बसाइँसराइले उजाड बनेका खेतीयोग्य र उजाड जमिनमा पलाएका झाडी फाँडेर किसानले चियाखेती सुरु गरेको उहाँले बताउनुभयो । चियाको बिरुवा राम्रो हुँदै गएपछि स्थानीयवासीले खाली भएका व्यक्तिगत तथा सार्वजनिक जग्गामा पनि खेती विस्तार गर्न थालेको अध्यक्ष लामिछाने बताउनुहुन्छ । अब थप ५० हजार चियाका बिरुवा लगाउने योजना रहेको उहाँले बताउनुभयो । गाउँमा भएका नागरिकलाई पाखोबारीलाई उपयोग गरी आयआर्जनको माध्यम बनाउँदै आत्मनिर्भर बनाउनेगरी चियाखेती थालेको लामिछानेले बताउनुभयो । सात वर्ष अगाडि लगाएका बिरुवामध्ये अहिले ३५ हजार बोट निरन्तर टिप्नका लागि तयार भएका उहाँले जानकारी दिनुभयो ।

किसानहरूले पनि निकै चासो दिएर बिरुवा रोप्न, झाडी फँडानीदेखि सबै काममा लागेको हुँदा गाउँमै रोजगार सिर्जना गर्न हुन थालेको अध्यक्ष लामिछाने बताउनुहुन्छ । "चियाखेतीमा दुई सय घरपरिवार आबद्ध हुनुहुन्छ, यसबाट आउने प्रतिफल सबैले पाउनुहुन्छ, चियाखेतीबाट वार्षिक रु ३० लाख आम्दानी गर्ने लक्ष्य राखेका छौँ, पहिले ७२ रोपनीमा खेती गरिएकामा अहिले थप ७२ रोपनी जग्गा भाडामा लिएका छौँ, अब एक सय ४२ रोपनीमा खेती हुने छ", अध्यक्ष लामिछानेले भन्नुभयो, "बजेट छैन, तर पनि गाउँलेमा काम गर्ने उत्साह छ, केन्द्र र प्रदेश सरकारसँग पनि माग गर्छौं, केही वर्षमा यहाँ चिया बगान हेर्न आउनेको लर्को लाग्ने अपेक्षा लिएका छौँ ।"

चियाको बजारमा बढ्दो माग हुँदा मागअनुसार उत्पादन गर्न नसकिएको स्थानीय किसान मुक्तिराम थापाले बताउनुभयो । यहाँ लगाइएको चिया महिनामा तीन पटकसम्म टिप्ने हुँदा आम्दानी पनि बढी हुने उहाँले बताउनुभयो । चियाखेती विस्तार गर्दा हालसम्म करिब रु ५० लाख खर्च भइसकेको छ । चिया प्रशोधन गर्ने मेसिनसमेत गाउँमा ल्याइएको हुँदा अब धेरै समस्या नभएको उहाँ बताउनुहुन्छ ।

अहिलेसम्म मुनाफा नभएको भन्दै यस वर्षदेखि छ हजार बिरुवाबाट निरन्तर मुनाफा दिने थापाको भनाइ छ । प्रत्येक हप्ता १० किलो चियाको कच्चा पदार्थ उत्पादन हुन थालेको उहाँ बताउनुहुन्छ । उहाँले भन्नुभयो, "पहिला गाउँमा चियाखेती हुन्छ भन्ने लागेको थिएन, गाउँलेहरू एकजुट भइयो, वडा कार्यालयले पनि निकै तदारुकता देखायो, चियाखेतीले गर्दा गाउँको स्वरुप नै फेरिएको छ, पहिले झाडीले ढाकिएको जमिन अहिले चिया पलाएका छन्, गाउँ छाडेर गएकालाई पनि पछिपछि पछुतो हुनेछ, अहिले खेती राम्रो हुँदा हामीहरू निकै उत्साहित भएका छौँ ।"

# एमसिसी उपाध्यक्ष ब्रुक्सद्वारा अर्थमन्त्री पुनसँग भेट

**रासस**
काठमाडौं, २२ जेठ

नेपालको भ्रमणमा रहनुभएका मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) उपाध्यक्ष जोनाथन ब्रुक्सले अर्थमन्त्री वर्षमान पुनसँग भेटवार्ता गर्नुभएको छ ।

उपाध्यक्ष ब्रुक्स नेतृत्वको टोलीले मन्त्री पुनसँग मंगलबार सिंहदरबार स्थित मन्त्रालयमा शिष्टाचार भेट गरेको हो । भेटमा मन्त्री पुनले एमसिसी परियोजनाको काम पूर्वनिर्धारित मितिमै सम्पन्न गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो । उहाँले आयोजना समयमै सम्पन्न गर्न मन्त्रालयबाट सम्पादन हुनुपर्ने काममा सहयोग र समन्वय गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । "एमसिसी कम्प्याक्टका आयोजना समयमा नै पूरा गर्न सरकार प्रतिबद्ध छ ," अर्थमन्त्री पुनले भन्नुभयो । एमसिसी परियोजनाअन्तर्गतका आयोजनाको काम खण्डखण्डमा भइरहेकाले पनि आफू समयमै सकिनेमा विश्वस्त रहेको बताउनुभयो ।

उपाध्यक्ष ब्रुक्सले एमसिसी परियोजनाअन्तर्गत निर्माणाधीन विद्युत् प्रसारण लाइन र सडक निर्माणमा भइरहेको प्रगतिबारे जानकारी दिनुभएको थियो । उहाँले आयोजनाको हालसम्मको कार्यप्रगति सन्तोषजनक रहेको बताउनुभयो । एमसिसी सम्झौताअन्तर्गत पाँच वर्षभित्र तीन सय १५ किलोमिटर लामो विद्युत् प्रसारण लाइन र ७७ किलोमिटर सडक निर्माण हुनेछ। आयोजनाले बुटवलबाट भारतको गोरखपुरसम्म सीमापार प्रसारण लाइन पनि निर्माण गर्नेछ । तीन सय १५ किलोमिटर लामो 'डबल सर्किट' चार सय 'किलोभोल्ट' प्रसारण लाइन निर्माण हुनेछ। आयोजनाअन्तर्गत नुवाकोटको बेलकोटगढी नगरपालिकास्थित रातमाटे, तनहुँको दमौली र नवलपरासी पश्चिमको भूमहीमा सब-स्टेसन निर्माणको काम प्रारम्भ भएको छ। यसैगरी रातमाटेबाट काठमाडौँको लप्सीफेदीमा नेपाल विद्युत् प्राधिकरणद्वारा निर्माणाधीन चार सय केभी सब-स्टेसन र मकवानपुरको हेटौँडामा रहेको प्राधिकरणको चार सय केभी सब-स्टेसन दुवैमा रातमाटेबाट विद्युत् प्रवाह गरिनेछ । चार सय किलोभोल्ट क्षमताको विद्युत् प्रवाह गर्न सक्ने यो सब-स्टेसन देशको हालसम्मकै ठूलो प्रसारण लाइन हो । आयोजनाअन्तर्गत आठ सय ५६ वटा टावर बन्नेछन् ।

काठमाडौँ, नुवाकोट, सिन्धुपाल्चोक, धादिङ, मकवानपुर, चितवन, तनहुँ, पाल्पा, नवलपुर र पश्चिम नवपरासी जिल्लालाई प्रसारण लाइनले छुन्छ। परियोजनाअन्तर्गत तीन सय पाँच किलोमिटर रणनीतिक सडक सञ्जालको मर्मतसम्भार र गुणस्तर सुधारको काम हुनेछ । पूर्वपश्चिम महेन्द्र राजमार्गअन्तर्गत दाङको भालुवाङबाट पश्चिमतर्फ धानखोला-लमही सडक खण्डको ४० किलोमिटर सडक नयाँ प्रविधिमार्फत विस्तार तथा सोही राजमार्गको दाङ र अर्घाखाँचीमा पर्ने लमही-शिवखोला खण्डको ३७ किमी सडक मर्मतको काम अघि बढेको छ ।

# भारवाङमा मोटरेबल पुल निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, २२ जेठ

पूर्वपश्चिम जोड्ने राष्ट्रिय गौरवको मध्यपहाडी लोकमार्गको वैकल्पिक बेनी-दरवाङ-बिम-ताकम-मुना-जलजला-ढोरपाटन सडकअन्तर्गत म्याग्दीको भारवाङघाटस्थित म्याग्दी नदीमा मोटरेबल पुल निर्माण भएको छ । गण्डकी प्रदेश सरकारको बजेटमा पूर्वाधार विकास कार्यालय म्याग्दीले मालिका गाउँपालिका-७ र धवलागिरि गाउँपालिका-७ को सिमाना भएर बग्ने म्याग्दी नदीमाथि छ मिटर चौडाइ र ४० मिटर लामो सिङ्गल स्पाम प्रि स्ट्रेस प्रविधिको मोटरेबल पुल निर्माण गरेको हो । पुल निर्माणसँगै धवलागिरि गाउँपालिका-५ मल्कबाङ र ६ मराङका स्थानीयलाई गाउँपालिका केन्द्र मुना जानआउन सहज भएको गाउँपालिकाका उपाध्यक्ष रेशम पुन मगरले बताउनुभयो ।

"पहुँचमार्ग निर्माणलाई पूर्णता दिन बाँकी रहेको पुलमा सवार ।साधन आवतजावत गर्न थालेका छन्", उहाँले भन्नुभयो, "यो पुलले धवलागिरिको ५, ६ नं वडामा पर्ने मराङ र मल्कबाङवासीलाई घुमाउरो सडक प्रयोग गरेर गाउँपालिकाको केन्द्र मुना जानुपर्ने बाध्यता हटेको छ ।" मराङका बासिन्दा हाल मालिका गाउँपालिकाको केन्द्र दरबाङ बजार हुँदै मुना जाने घुमाउरो सडक प्रयोग गर्छन् । पुलले मालिका गाउँपालिका-७ का बिमवासीलाई पनि ताकम, मुनालगायतका बस्तीमा आवतजावत गर्न सहज हुनुका साथै दूरी छोटिएको छ ।

म्याग्दीखोलामा पुल बनेसँगै पुलबाट ताकम गाउँसम्मको सडक स्तरोन्नति गर्न गाउँपालिकाले आवश्यक पहल गर्ने जनाएको छ । पूर्वाधार विकास कार्यालयका प्रमुख विष्णु पौडेलका अनुसार सो पुल निर्माणका लागि विसं २०७६ साउन ८ गते देव एण्ड सायर बिएन जेभीसँग रु छ करोड ९६ लाख ४३ हजार तीन सय ५३ मा ठेक्का सम्झौता भएको थियो । पुलको सबै संरचना निर्माण सम्पन्न भई पहुचमार्गको निर्माण थालिएको र जेठभित्रमा पूर्ण रूपमा यातायात सञ्चालन गर्न मिल्ने उहाँले बताउनुभयो । निर्माण कम्पनीका प्रतिनिधि नारायण जिसीले कोरोना महामारीका कारण पुल निर्माणमा ढिला भए पनि दोस्रोपटक थपिएको म्याद २०८१ असार मसान्तभित्र पुल निर्माण सम्पन्न भएको बताउनुभयो । बेनी-दरवाङ-बिम-ताकम-मुना-जलजला-ढोरपाटन सडकअन्तर्गत मालिका गाउँपालिका-७ को शिवरात्रि खोलामा २५ मिटर लामो मोटरेबल पुल निर्माणका लागि पूर्वाधार विकास कार्यालय म्याग्दीले ठेक्का आह्वान गरेको छ । सङ्घीय र प्रदेश सरकारको साझेदारीमा सोही सडक स्तरोन्नति गर्न आगामी आर्थिक वर्षदेखि कार्यान्वयन हुनेगरी रु ९२ करोडको योजनाका लागि बजेट व्यवस्थापन भएको गण्डकी प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जालीले जानकारी दिनुभयो । उहाँका अनुसार दरवाङ-धारापानी खण्डको छ किलोमिटर ग्राभेल र धारापानी-शिवाङ खण्डको चार किलोमिटर कालोपत्र गर्न यस वर्ष ठेक्का सम्झौताको तयारी भएको छ ।

## नागरिक पारदर्शिताको लागि सार्वजनिक लेखा परीक्षण

योजनाको नाम :मार्फा थकाली समाज देखि वरको बोटसम्म कल्भट, फुटपाथ तथा नाला निर्माण

ठेगाना : पोखरा-१२

योजना सम्झौता मिति : २०८०/०९/१६

योजना शुरु मिति : २०८०/१०/०२

योजना सम्पन्न हुने मिति : २०८१/०३/३०

योजना सम्पन्न भएको मिति : २०८१/०२/२२

कूल लागत : रु. २५,८८,२३५

महानगरपालिकाबाट : रु. २२,००,०००

जनसहभागिता : रु. ३,८८,२३५

**टिका बहादुर कार्की**
**अध्यक्ष**
**मार्फा थकाली समाजदेखि वरको बोटसम्म कल्भट, फुटपाथ तथा नाला निर्माण समिति**

# काठमाडौँदेखि सगरमाथा चुचुरोसम्म पैदलयात्रा

**रासस**
काठमाडौं, २२ जेठ

आरोही राजेश लामाले काठमाडौँदेखि सगरमाथाको चुचुरोसम्म पैदल यात्रा गर्नुभएको छ । उहाँले यात्रा सुरु गर्नुभएको ५७औँ दिनमा सगरमाथा आरोहण गर्नुभएको हो ।

गत अप्रिल १ तारिखका दिन काठमाडौँदेखि पैदलयात्रा सुरु गर्नुभएको उहाँले चार सय ३२ दशमलव ६ किलोमिटर दुरीको यात्रासँगै सगरमाथाको सफलतापूर्वक आरोहण गर्नुभएको हो । आज पत्रकार सम्मेलनमार्फत आरोहणका अनुभव सुनाउँदै लामाले दृढ सङ्कल्प र साहसिक मनोभावका कारण यात्रा सम्भव भएको बताउनुभयो । इच्छा शक्ति, धैर्यता र अठोट भए जीवनमा महत्वपूर्णउपलब्धिहासिलगर्नसक्छ भन्ने उदाहरण काठमाडौँदेखि सगरमाथा शिखर सम्मको यात्रा भएको उहाँले उल्लेख गर्नुभयो । आगामी दिनमा नेपालको साहसिक गतिविधिमा सक्रिय हुने उहाँको भनाइ छ । काठमाडौँको सानेपाबाट सगरमाथा यात्रा सुरु गर्नुभएका ललितपुर निवासी लामा १५ दिनमा लुक्ला र २४ दिनमा सगरमाथा आधार शिविर पुग्नुभएको थियो । मे २० तारिखका दिन उहाँले सगरमाथा आरोहण गर्नुभएको थियो । पर्यटन क्षेत्रमा दशकभन्दा बढी अनुभव भएका लामा पर्वतारोहण व्यावसायिक पथ प्रदर्शक हुनुहुन्छ । 'द नर्थफेस' नेपालले लामालाई सगरमाथा आरोहणमाआवश्यकसहयोगगरेको थियो । कार्यक्रममा वरिष्ठ पर्यटन व्यवसायी एवं नेपाल पर्वतारोहण सङ्घका पूर्वअध्यक्ष आङछिरिङ शेर्पाले लामाको सगरमाथा यात्रा नेपालको पर्वतीय पर्यटनका लागि नयाँ आयाम भएको उल्लेख गर्नुभयो । अन्तर्राष्ट्रिय पर्वतीय पथप्रदर्शक दावा याङजुम शेर्पाले लामाको साहसिक कार्य पर्वतारोहणका लागि प्रेरणा भएको धारणा राख्नुभयो । 'द नर्थफेस' नेपालकी प्रबन्ध निर्देशक पेमा शान्ति शेर्पाले आरोहीको हौसलामा साथ सहयोग गर्न पाउँदा खुसी लागेको बताउनुभयो ।

## शिक्षक आवश्यकता

प्रकाशित मिति २०८१ जेठ २० गते

पोखरा महनगरपालिका कार्यालय शिक्षा महाशाखा पार्दीको मिति २०८१ जेठ २० को पत्र संख्या २०८०/ ८१ च.नं ८९६ को पत्र अनुसार यस श्री दिव्य( ज्योति आधारभूत विद्यालय पोखरा-१६ दीपमा रिक्त रहेको विद्यालय सहयोगी पद करारमा नियूक्तिको लागि गर्न अनुमति प्राप्त भएकोले यस विद्यालयको वि.व्य.स.को मिति २०८१ जेठ २० को निर्णय अनुसार यो विज्ञापन प्रकाशित गरिएको छ । तपसिलमा उल्लिखित योग्यता पूरा भएका इच्छुक नेपाली नागरिकहरुबाट आबेदनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

विज्ञापन नं :- १/२०८१ पद :- विद्यालय सहयोगी (करार)

तलब :- प्रचलित नियम अनुसार उमेर :- १८ बर्ष पूरा भइ ४० बर्ष ननाघेको

योग्यता :- साधारण लेख पढ गर्न जान्ने

बान्छनिय योग्यता :- विद्यालयमा आवश्यक पर्ने दर्ता चलानी, फोटोकपी गर्न र बालबालिकाको खाजा तयार गर्न

निबेदनका साथ पेश गनुपर्ने कागजातहरु :-

-हस्त लिखित निबेदन १ प्रति -नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि २ प्रति

-माथिल्लो योग्यता प्राप्त भएको भए सो प्रमाण पत्रको प्रतिलिपि २ प्रति

दरखास्त दिने अन्तिम मितिः- २०८१ असार २ गते साँझ ४.०० बजेसम्म

दरखास्त दस्तुरः- रु ५००।

परीक्षाको किसिमः- मौखिक र प्रयोगात्मक

परीक्षा हुने मिति र स्थानः-सम्पर्क मितिमा तोकिने

सम्पर्क मिति २०८१ असार २ गते ४.०० बजे

**श्री दीव्यज्योति आधारभूत विद्यालय, पोखरा १६ दीप**

**सम्पर्क नं प्र. अ ९८४६०२८२६५, र वि. व्य. स अध्यक्ष ९८४६०५९१४६**

# सामाजिक कामबाट पहिचान बदल्दै सुदीप

पोखरापत्र संवाददाता
दमौली, २२ जेठ

तनहुँको व्यास नगरपालिका-२ बागबजारका सुदीप गफ्फारको पहिचान फेरिँदै छ। उहाँ अचेल कहिले खोलामा फोहर टिप्ने अभियान सञ्चालन गर्नुहुन्छ त कहिले सामाजिक सुरक्षा भत्ता लिन जाने ज्येष्ठ नागरिकको सहजताका लागि सवारी साधन उपलब्ध गराउनुहुन्छ।

सार्वजनिक, धार्मिक तथा पर्यटकीय क्षेत्रमा थुप्रिएका फोहर व्यवस्थापन गरी स्थानीयस्तरमा परिचित उहाँ हिजोआज जिल्ला प्रशासन कार्यालय तनहुँमा सेवा लिन आउने ज्येष्ठ नागरिकलाई निःशुल्क भोजन गराउने अभियानमा व्यस्त हुनुहुन्छ । राष्ट्रिय परिचयपत्रका लागि नाम दर्ता गर्न बिहान ६ बजेदेखि उक्त कार्यालयमा आउने ज्येष्ठ नागरिक भोकभोकै बस्नुपरेको देखेपछि उहाँले शुक्रबारदेखि निःशुल्क खाना खुवाउने अभियान सञ्चालन गरिरहनुभएको छ । "सामाजिक काममा आफूलाई व्यस्त राख्न पाउँदा निकै आत्मसन्तुष्टि हुन्छ, त्यसैले यस्तै काम गर्ने बानी लागिसक्यो । यहीक्रममा अहिले जिल्ला प्रशासनमा आउने नागरिकलाई निःशुल्क खाना उपलब्ध गराइरहेको छु", उहाँले भन्नुभयो । यहाँ दैनिक चार सयभन्दा बढी सेवाग्राही राष्ट्रिय परिचयपत्रका लागि आउने गरेका छन्। त्यसमध्ये एक सयले मात्रै सेवा पाउँछन् । बिहानैदेखि पोलो कुर्न बस्नुपर्ने र खाना खाने समय नमिल्ने भएकाले गफ्फारले कार्यालय नजिकैको चौतारामा निःशुल्क खाना खुवाउने व्यवस्था मिलाएको बताउनुभयो । उहाँले भन्नुभयो, "सेवा लिन आउनेहरू बिहानैदेखि भोकभोकै बस्नुपरेको रहेछ, त्यसैले शुक्रबारदेखि सेवा लिन आउने सम्पूर्णलाई खाना खुवाउने व्यवस्था मिलाएको छु । यो अभियानअन्तर्गत शुक्रबार ९०, आइतबार तीन सय र सोमबार तीन सय ५० जनाले निःशुल्क खाना खाएका छन्, मङ्गलबाट पनि यो अभियान जारी रह्यो।" सुरूमा एक्लै अभियानमा लागे पनि अहिले विभिन्न व्यक्ति तथा सङ्घसंस्थाले हातेमालो गरेको उहाँले बताउनुभयो । "मलाई देश तथा विदेशमा रहनुभएका शुभचिन्तकले खानाको व्यवस्थापनका लागि आर्थिक सहयोग गरिरहनुभएको छ । प्रशासनमा जबसम्म भीड हुन्छ र यो समस्या रहन्छ, तबसम्म निःशुल्क खाना खुवाइरहने छौँ", गफ्फार अगाडि भन्नुभयो । उहाँले नेपालमा सामाजिक काम गर्ने पवित्र सोच भएकाहरूलाई स्रोतको अभाव नहुने उहाँको भनाइ छ। उहाँ भन्नुहुन्छ, "काम गर्ने सोच मनभित्रैबाट आउनुपर्छ, कसैलाई देखाउनका लागि मात्र गरिने कामले सन्तुष्ट दिँदैन । यो काम गर्नुपर्छ भनेर लागेपछि पूरा गरेरै छाड्ने बानी छ। यो अभियानमा म एक्लो छैन। देश विदेशबाट सहयोग पाइरहेको छु ।" गफ्फारले 'म बदलिए मेरो देश बदलिने छ' भन्ने मान्यतासहित समाजसेवाका अभियान अगाडि बढाइरहनुभएको छ । सबैभन्दा पहिले आफू बदलिनुपर्छ अनि अरुलाई बदलिनका लागि सहयोग पुग्छ भन्ने सन्देश फैलाउन आफूले समाजसेवालाई रोजेको उहाँको भनाइ छ । गफ्फारले केही समयअघि दमौली बजार क्षेत्रको फोहर व्यवस्थापन नहुँदा चोक-चोकमा गएर छरिएको फोहरमैला एकत्रित गरी सहयोग पुर्‍याउनुभएको थियो। त्यस्तै उहाँले धार्मिक पर्यटकीयस्थल कालिका, मानुङकोटलगायतका क्षेत्रमा सरसफाइ गर्दै आउनुभएको छ । गत वैशाख २९ गते बुल्दीखोलामा र जेठ ५ गते चुँदीखोलामा उहाँकै नेतृत्वमा बृहत् सरसफाइ अभियान सञ्चालन गरिएको थियो । दमौलीस्थित बुल्दीखोला सरसफाइ अभियानका क्रममा सात हजार किलोग्राम फोहर सङ्कलन भएको थियो भने बन्दीपुर र भानुको सिमानास्थित चुँदीखोलामा पाँच हजार किलो फोहर सङ्कलन भएको थियो । व्यास नगरपालिकाका पूर्वप्रवक्ता मोहनकुमार श्रेष्ठले गफ्फारले आफूलाई सामाजिक अभियान्ताका रूपमा प्रमाणित गरेको बताउनुहुन्छ । उहाँले भन्नुभयो,"हिजोका दिनमा एउटा सामान्य युवाको रूपमा परिचित उहाँ अचेल युवा अभियन्ता तथा समाजसेवीका रूपमा आफ्नो पहिचान बनाउँदै हुनुहुन्छ । समाज बदल्ने सोच लिएर अगाडि बोकेका युवालाई हामी सबैले साथ दिनुपर्छ ।" तनहुँ उद्योग वाणिज्य सङ्घ दमौली बजार एकाइ सभापति सुकनारायण मल्लले पनि सरकारी निकायले गर्नुपर्ने काम एउटा युवाले गर्नु सराहनीय भएको बताउनुभयो। उहाँले धेरैजसो युवा विदेशीएको र घरमा भएका युवासमेत व्यक्तिगत कार्यमा व्यस्त रहेका बेला गफ्फारले समाज परिवर्तन, ज्येष्ठ नागरिकको सेवा र सरसफाइजस्ता अभियान अगाडि बढाइरहेका भन्दै यसबाट अरु युवाले पनि सिक्नुपर्ने सुझाव दिनुभयो।

# आइसिसी टी-२० : अफगानिस्तानद्वारा युगाण्डा पराजित

रासस
काठमाडौं, २२ जेठ

आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगिताअन्र्गत आज भएको समूह 'सी' को खेलमा अफगानिस्तानले युगाण्डालाई एक सय २५ रनको फराकिलो अन्तरले पराजित गरेको छ।

अफगानिस्तानले जितका लागि दिएको एक सय ८४ रनको लक्ष्य पछ्याएको युगाण्डा १६ ओभरमा सबै विकेट गुमाउँदै मात्रै ५८ रन बलमा समेटियो। विश्वकपमा डेब्यु गरेको युगाण्डाका लागि रोबिन्सन ओबुयाले १४ र रिआजत अली साहले ११ रन बनाउनुबाहेक कुनै पनि ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । युगाण्डालाई ५८ रनमा समेट्ने क्रममा अफगानिस्तानका फजलहक फारुकी एक्लैले पाँच विकेट लिए भने नवीन उलहक र कप्तान राशिद खानले समान दुई-दुई विकेट लिए । त्यस्तै मुजिब उर रहमानले एक विकेट झारे । त्यसअघि प्रोभिडेन्समा टस हारेर पहिले ब्याटिङ गरेको अफगानिस्तानले निर्धारित २० ओभरमा पाँच विकेटको क्षतिमा एक सय ८३ रनको योगफल बनाएको थियो । उसका लागि ओपनरद्वय रहमानुल्लाह गुर्बाज र इब्राहिम जद्रानले अर्धशतकीय पारी खेलेका थिए।

# दुई दिनमै पाँच केन्द्रमा प्रतिष्ठानद्वारा छात्रवृत्ति छनौट परीक्षा

पोखरापत्र संवाददाता
पोखरा, २२ जेठ

पोखरा तमु साँस्कृतिक प्रतिष्ठान नेपालद्वारा संचालित गरिव तथा जेहेन्दार विद्यार्थीलाई "छात्रवृत्ति वितरण" कार्यक्रमका लागि पाँच केन्द्रमा सात जिल्लाका लागि छनौट परीक्षा सम्पन्न भएको छ।

यही जेठ १५ गते, मंगलबार तनहुँ, लमजुङ र गोर्खामा तथा १९ गते, शनिबार चितवन र नवलपरासीमा परीक्षा संचालन गरिएको थियो। संस्थाका अध्यक्ष चित्रबहादुर तमुको नेतृत्वमा प्रथम उपाध्यक्ष एवम् यस परीक्षाका संयोजक श्रीजङ तमु, कोषाध्यक्ष श्याम तमु, सहकोषाध्यक्ष ओम तमु र विद्यार्थी समितिका कोषाध्यक्ष एलिना तमुले लमजुङ जिल्लाको छनौट परीक्षा संचालनार्थ खटिएका थिए।

बेसीशहरमा अवस्थित तमु सङग्राहालयमा संचालित उक्त परीक्षाका लागि विद्यार्थी सहभागी गराउन तमु प्ये ल्हु संघ केन्द्रीय क्ल्हेप्री समितिका उपाध्यक्ष सन्तोष तमु र सन्चारकर्मी के.बी. तमुले समन्वयात्मक भूमिका निभाएका थिए भने परीक्षा संचालनका लागि तमु ह्युला छोंज धीं गुरुङ राष्ट्रिय परिषद लम्जुङले तमु सङग्राहालयको सभाहल उपलब्ध गराएको थियो। परिषदका अध्यक्ष जीवराज घले एवम् सचीव गणेश तमुको विषेश उपस्थिति रहेको यस परीक्षामा १८ जना विद्यार्थीहरुको सहभागिता थियो।

सोही दिन संस्थाका द्वितीय उपाध्यक्ष डमरबहादुर तमुको नेतृत्वमा निवर्तमान अध्यक्ष चिजकाजी तमु,सचीव कन्चन तमु, सदस्य मणिलाल तमु र कार्यालय सचीव गंगा तमुले तनहुँ जिल्लाको दमौली स्थित व्यास नगर तमु सुधार समितिको सभाहलमा १७ जना विद्यार्थीहरु बीच परीक्षा संचालन गरियो।

यस जिल्लामा विद्यार्थी सहभागी गर्न पर्यटन व्यवसायी हरिसिंङ तमुले समन्वय गरेका थिए। अर्को एक टोली सह-सचीव भेषबहादुर तमुको नेतृत्वमा सदस्य द्वय लोकबहादुर तमु, लक्ष्मी तमु, तमु साँस्कृतिक प्रतिष्ठान विद्यार्थी समिती अध्यक्ष सुदिप तमु र उपाध्यक्ष जितेन तमुले गोर्खाको हरामटारी स्थित तमु ह्युला छोंज धीं गुरुङ राष्ट्रिय परिषद गोर्खाको सभाहलमा सोही दिन परीक्षा संचालन गरेका थिए । परिषद गोर्खाका अध्यक्ष रामबहादुर तमु लगायत कार्यसमितिका सदस्यहरुको सहित उपस्थिति रहेको उक्त परीक्षाको समन्वय र व्यवस्थापन समेत परिषद गोर्खाले नै गरेको थियो । परीक्षामा ३४ जना विद्यार्थीहरुको सहभागीता रहेको थियो।

जेठ १९ गते, शनिबार प्रतिष्ठानका प्रथम उपाध्यक्ष एवम् कार्यक्रम संयोजक श्रीजङ तमुको नेतृत्वमा सह-सचीव भेष तमु, सह-कोषाध्यक्ष ओम तमु सहित विद्यार्थी समिती सचीव कविता तमु र सदस्य तारा तमुले चितवन भरतपुरमा र अर्को टोली द्वितीय उपाध्यक्ष डमर तमुको नेतृत्वमा सचीव कन्चन तमु, सदस्य लक्ष्मी तमु, विद्यार्थी सदस्य हसिला तमु र कार्यालय सचिव गंगा तमुले नवलपरासीको सुनवल स्थित भगवती मा. वि.मा छात्रवृत्ति छनौट परीक्षा सोही दिन एकै समयमा संचालन गरेका थिए । चितवन जिल्लाका लागि तमु प्ये ल्हु संङ्घ चितवनले समन्वय र व्यवस्थापन गरेको थियो । ४१ जना तमु विद्यार्थीहरु सहभागी रहेको यस कार्यक्रममा तमु प्ये ल्हु संङ्घ वाग्मती प्रदेश प्रमुख तुलराम तमु, चितवन जिल्ला अध्यक्ष विक्रम तमु लगायत कार्यसमिति सदस्यहरुले कार्यक्रम सफल गर्न अग्रणी भूमिका खेल्नुका साथै प्रतिष्ठानका प्रथम उपाध्यक्ष श्रीजङ तमुलाई फेटा र मालाले सम्मान गरेका थिए। प्रतिष्ठानका नवलपरासी संयोजक, आजिवन सदस्य एवम् तमु ह्युल छोंज धीं गुरुङ राष्ट्रिय परिषदका केन्द्रीय सदस्य पुरन तमुले नवलपुर, नवलपरासी र रुपन्देहीका तमु विद्यार्थीहरुलाई परीक्षामा सहभागी गराउन सन्तुलित ढङ्गले समन्वय र व्यवस्थापन गरेर एकै स्थानमा केन्द्र बनाइएको उक्त कार्यक्रममा तमु ह्युल छोंज धी गुरुङ राष्ट्रिय परिषद केन्द्रीय सल्लाहकार एवम् प्रतिष्ठानका आजिवन सदस्य भिम तमुले मन्तव्य राखेका थिए।

विभिन्न संङ्घ संस्थाका विभिन्न व्यक्तिहरु तथा विभिन्न विद्यालयका शिक्षकहरु एवम् अभिभावकहरुको उपस्थिति रहेको यस नवलपरासीको सुनवल केन्द्रमा १७ जना तमु विद्यार्थीहरुको सहभागिता रहेको थियो । कार्यक्रममा नेपाल विद्यार्थी छोंज धींका युवा तथा विद्यार्थीहरुले स्वयंसेवकको भूमिका निभाएर कार्यक्रममा सहयोग गरेका थिए । लिखित र मौखिक दुवै किसिमको मुल्यांकन गरिएको यस परीक्षामा सहभागी सम्पूर्ण विद्यार्थीहरुलाई यातायात खर्च पनि उपलब्ध गराइएको थियो । परीक्षाको नतिजा जतिसक्दो चाँडै प्रकाशन गरेर असार मसान्तभित्र नै छात्रवृत्ति वितरण गर्ने योजना रहेको कुरा अध्यक्ष चित्रबहादुर तमुले जानकारी दिए।

# गुँयली फल पाकेपछि कालीलेकमा चहलपहल

पोखरापत्र संवाददाता
पोखरा, २२ जेठ

पोखरा महानगरपालिका-१६ अर्मलेस्थितकालीलेकमाहिजोआज सर्वसाधारणको चहलपहल बढेको छ। वनभरि लटरम्मै पाकेको गुँयली फल टिपेर खानेको सङ्ख्या बढेपछि कालीलेकमा चहलपहल बढेको हो।

स्थानीय भाषामा 'मल्लिडो' को नामले चिनिने गुँयली फल स्वादिलो हुन्छ । बुट्यान एवं झाडीदार रुखमा फल्ने यो फलमा भिटामिन पाइने विश्वासले पनि फल खान आउनेको भीड बढेको स्थानीय बलायखर्ककी उमा पौडेल बताउनुहुन्छ। सत्रखर्क कालीलेक सामुदायिक वन क्षेत्रमा पर्ने शिशादेखि नेटा, बुढीगान्नी, क्रेटो, लोला, बलायलगायतका जङ्गलमा लटरम्म पाकेको गुँयलीका कारण मानिसका आउजाउ बढेको उहाँले बताउनुभयो । समुद्री सतहबाट करिब एक हजार आठसयदेखि दुई हजार दुईसय मिटरको उचाइमा पाइने गुयँलीका बोटहरू फल टिप्नेक्रममा काटिएका छन् । यसको बाहिरी बोक्रा खैरो र गुँदी रातो रङको हुन्छ। फललाई सिधै टिपेर खाने गरिन्छ। पौडेलले भन्नुभयो, "यसपटक पाँच वर्ष पछि मात्र गुँयली फलेको हो, खडेरीको कारण यस वर्ष बाक्लो फल लागे पनि दाना सानो छ।" बोटमा काँडा हुने भएकाले टिप्नका लागि मानिसहरूले हाँगा र रुखैसमेत काट्ने गर्दा गुँयलीको बोट मासिने खतरा रहेको उहाँको भनाइ छ। अर्मलाकोटभन्दा माथि नेटामा बाख्रापालन व्यवसाय गर्दै आउनुभएका सुरेन्द्र सुवेदीका अनुसार गुँयली पाकेपछि यसका पारखीहरू स्वाद लिन पोखरा बजारदेखि आउने गर्छन् । उहाँले भन्नुभयो, "यस क्षेत्रमा गुँयली मात्र होइन, जेठको अन्तिम सातादेखि साउन महिनासम्म अर्गानिक निउरो टिप्ने र निगालोको टुसा भाँच्नेको भीडनै लाग्ने गर्दछ ।" त्यस्तै सिलाजित, सतुवा, चिराइतो, सिकारी लहरो, कुरिलो, पाखनवेदलगायतका महत्वपूर्ण जडीबुटी तथा बाघ, भालु, मृग, थार घोरल र मुनाललगायतका वन्यजन्तु एवं जराचुरुङ्गी यहाँको वनक्षेत्रमा पाइने उहाँको भनाइ छ। सामुदायिक वन उपभोक्ता महासङ्घ नेपालका गण्डकी प्रदेश सदस्य एवं कृषि सञ्जाल पोखरा-१६ का अध्यक्ष जीतबहादुर बस्नेतले गुँयली जत्तिको स्वादिष्ट फल यसभन्दा अघि टिपेर नखाएको बताउनुभयो । स्थानीयले कालीलेकबाट टिपेको गुँयली बजारमा प्रतिमाना रु एक सयका दरले बिक्री गर्दछन्। गुयँली विशेष गरी बागलुङ, म्याग्दी, ताप्लेजुङ, पाँचथर, इलाम सङ्खुवासभा, तेह्रथुमलगायतका जिल्लामा पाइन्छ । जलवायु परिवर्तन, वन विनास, डढेलोलगायतका कारणले गुँयली जस्ता फलफूल तथा वनस्पति उपलब्धतामा कमी हुँदै गएको पोखरा महानगर कृषि महाशाखा प्रमुख मनोहर कडरियाले जानकारी दिनुभयो।


## सूर्य ब्लेण्डर्स प्रा. लि.
## आँबु खैरेनी, तनहुँ
## मूल्य सूची सम्बन्धमा सूचना

यस उद्योगबाट उत्पादित उल्लेखित ब्राण्डका मदिरा नेपाल अधिराज्य भित्र बिक्री वितरण गर्न आ.व. २०८०/०८१ का लागि मिति २०८१/०२/२३ देखि लागू हुने गरी निम्न बमोजिम मूल्य संशोधन गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्रकाशित मूल्यमा अन्तःशुल्क र मू.अ.कर समेत समावेश गरिएको छ।

| ब्राण्ड | मि.लि. | यु. पी. | नेशनल डिष्ट्रिब्युटर्स मूल्य प्रति कार्टुन | नेशनल डिष्ट्रिब्युटर्स कमिशन प्रति कार्टुन | डिष्ट्रिब्युटर्स मूल्य प्रति कार्टुन | डिष्ट्रिब्युटर्स कमिशन प्रति कार्टुन | होलसेल मूल्य प्रति कार्टुन | होलसेल कमिशन प्रति कार्टुन | रिटेल मूल्य प्रति कार्टुन | रिटेल कमिशन प्रति कार्टुन | उपभोक्ता मूल्य प्रति कार्टुन | उपभोक्ता मूल्य प्रति बोतल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| IMAGE carbon Black / Premium | 500 | 50 | 7500.00 | 300.00 | 7800.00 | 400.00 | 8200.00 | 500.00 | 8700.00 | 840.00 | 9540.00 | 530 |
| IMAGE carbon Black / Premium | 180 | 50 | 7500.00 | 300.00 | 7800.00 | 400.00 | 8200.00 | 500.00 | 8700.00 | 900.00 | 9600.00 | 200 |
| Twenty- Twenty | 180 | 50 | 6450.00 | 150.00 | 6600.00 | 250.00 | 6850.00 | 300.00 | 7150.00 | 770.00 | 7920.00 | 165 |
| उत्सव एप्पल फ्लेवर H.B/R.B., मिराज एप्पल फ्लेवर H.B. /R.B.,मिराकल R.B, ब्यालेन्स एक्स्ट्रा ड्राई , | 180 | 50 | 6000.00 | 200.00 | 6200.00 | 250.00 | 6450.00 | 250.00 | 6700.00 | 692.00 | 7392.00 | 154 |
| उत्सव सुनामी स्ट्रोङ,सुनामी एक्स्ट्रा ड्राई ,एक्स्ट्रीम, मिराज,सुनामी स्ट्रोङ, मिराकल, उत्सव XXX, उत्सव दुधिया स्पेशल,ब्यालेन्स | 180 | 50 | 5850.00 | 150.00 | 6000.00 | 250.00 | 6250.00 | 250.00 | 6500.00 | 604.00 | 7104.00 | 148 |
| करूवा एप्पल 18GM, करूवा PREMIUM /XCITE , XCITE GOLD. ARROW XTRA STRONG | 300 | 70 | 1320.00 | 30.00 | 1350.00 | 65.00 | 1415.00 | 60.00 | 1475.00 | 145.00 | 1620.00 | 54 |
| करूवा एप्पल 14GM | 300 | 70 | 1220.00 | 30.00 | 1250.00 | 60.00 | 1310.00 | 55.00 | 1365.00 | 135.00 | 1500.00 | 50 |
| करूवा BLUE, करूवा पाइनएप्पल , 4G | 300 | 70 | 1170.00 | 30.00 | 1200.00 | 55.00 | 1255.00 | 50.00 | 1305.00 | 135.00 | 1440.00 | 48 |
| करूवा लिचि फ्लेवर,फटाफट, एरो(एप्पल फ्लेवर),फटाफट Green/orange, करूवा NIMBU, करूवा पाइनएप्पल | 300 | 70 | 1075.00 | 25.00 | 1100.00 | 50.00 | 1150.00 | 50.00 | 1200.00 | 120.00 | 1320.00 | 44 |
| करूवा ठेकी दुधिया/ब्ल्याक, करूवा दुधिया/ब्ल्याक,पानश दुधिया /ब्ल्याक,एरो दुधिया /ब्ल्याक, 4 STAR | 300 | 70 | 1070.00 | 20.00 | 1090.00 | 50.00 | 1140.00 | 50.00 | 1190.00 | 100.00 | 1290.00 | 43 |

नोट उपरोक्त बिक्री मुल्यहरूमा ब्यबसायको आवश्यकता अनुसार बिभिन्न ब्यापारिक एबं अन्य छुटहरू र हाल अनुमान गर्न नसकिने स्वर्चहरूको शोधभर्ना दिन सकिनेछ।